# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।१०।२१ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-------------------------------------------------

नेपाल टेलिकम दूरसञ्चार कार्यालय घोराही, दाङमा कार्यरत कर्मचारीहरुले कम्पनीको ऐन नियम विपरीत दैनिक भ्रमण भत्ताको दाबी गरी रकम समेत भुक्तानी लिने गरेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा नेपाल टेलिकम दूरसञ्चार कार्यालय घोराही, दाङमा कार्यरत तत्कालीन सहायक प्राविधिक अधिकृत अनिलकुमार आचार्य, तत्कालीन प्राविधिक अधिकृत विकलकुमार श्रेष्ठ र तत्कालीन कार्यालय प्रमुख प्राविधिक अधिकृत राजबहादुर सिंहले हवाईजहाजबाट यात्रा नै नगरी यात्रा गरेको भनी झुट्टा टिकट बनाई कार्यालयमा पेश गरी रकम भुक्तानी लिई नेपाल दूरसञ्चार कम्पनीलाई हानिनोक्सानी पुऱ्याई निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता